धर्मदेवी नगरपालिका, सङ्खुवासभा

# स्थानीय राजपत्र

खण्डः ६ सङ्ख्याः २ मितिः २०८१/०६/१३

## भाग – २

### धर्मदेवी नगरपालिका, सङ्खुवासभा

# टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि,२०८१

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

# टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि,२०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०६/१३**

**प्रस्तावनाः** स्थानीय विकास प्रक्रियामा टोल तथा बस्तीस्तरवाट नै नागरिक सहभागिता सुनिश्चित गर्दै समाजको आर्थिक, सामाजिक, सांस्कृतिक लगायत विकासका सबै पक्षमा दिगोपना र अपनत्व सृजना गर्न निश्चित भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने नागरिकहरुको सहभागितामा वडा कार्यालयको सहयोगीको रुपमा काम गर्ने गरी टोल विकास संस्थाको गठन र परिचालनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ को उपदफा (२) क(२) को आधार तथा प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी धर्मदेवी नगर कार्यपालिकाले मिति २०८१ साल असोज १३ गतेको निर्णयानुसार यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः**

(क) "कार्यालय" भन्नाले धर्मदेवी नगरपालिकाको नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ।

(ख) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले धर्मदेवी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ग) "टोल विकास संस्था" भन्नाले टोल बस्तीको समग्र विकासको लागि निश्चित भौगोलिक क्षेत्रका अधिकांश घर धुरीका प्रतिनिधिहरुको उपस्थितिमा विकास निर्माण, सेवा प्रवाह र सामाजिक परिचालनको क्षेत्रमा काम गर्ने उद्देश्यले गठन भई नगरपालिकाको कार्यालयमा सूचीकृत भई क्रियाशील रहेको सामुदायिक संस्थालाई सम्झनु पर्दछ ।

(घ) "पदाधिकारी" भन्नाले संस्थाको कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरु समेतलाई सम्झनुपर्दछ ।

(ङ) “बैठक” भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनु पर्दछ।
(च) “वडा” भन्नाले नगरपालिकाको वडालाई सम्झनु पर्दछ।
(छ) “विधान” भन्नाले संस्थाको विधानलाई सम्झनु पर्दछ ।
(ज) “समिति” भन्नाले संस्थाको कार्यसमिति सम्झनु पर्दछ ।
(झ) “साधारण सभा” भन्नाले संस्थाको साधारण सदस्यहरुको भेला सम्झनुपर्दछ।
(ञ) “संस्था” भन्नाले टोल विकास संस्थालाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## संस्थाको गठन तथा दर्ता सम्बन्धी व्यवस्था

**३. संस्थाको गठनः**

(१) नगरपालिकाका क्षेत्रमा भौगोलिक तथा सामाजिक सामिप्यताको आधारमा टोल तथा बस्तीका वासिन्दाको आमभेलाबाट टोल तथा बस्ती भित्रका घरधुरी समावेश हुने गरी टोल विकास संस्थाको गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने संस्थाको कार्यसमितिमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरुरहनेछन्ः-

(क) अध्यक्ष - १
(ख) उपाध्यक्ष - १
(ग) कोषाध्यक्ष - १
(घ) सचिव - १
(ङ) सदस्यहरु - (तीन देखि पाँच जना सम्म)

(३) उपदफा (२) बमोजिम संस्था गठन गर्दा टोल तथा बस्ती भित्रका एक घरधुरीबाट एकजना भन्दा बढी नपर्ने गरी भौगोलिक सन्तुलन तथा सामाजिक समावेशीकरणको आधारमा सभा वा वडा कार्यालयले तोकेको चार किल्ला भित्रका नागरिकहरुको आमभेलाबाट सर्वसम्मत रुपमा संस्थाको कार्य समिति गठन हुनेछ ।

तर, यस दफा बमोजिम आमभेलामा सर्वसम्मत हुन नसकेमा उपस्थित सदस्यहरुको बहुमतबाट कार्य समिति गठन गर्न बाधा पर्ने छैन।

(४) उपदफा (३) बमोजिम कार्यसमितिको कार्यकाल समाप्त भएपछिसाधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट कार्यसमितिको पुनर्गठन हुनेछ ।

(५) कार्य समितिको कार्यावधि गठन भएको मितिले दुई वर्षको हुनेछ ।

(६) अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिवको पदमा लगातार दुई कार्यकाल भन्दा बढी सोही पदमा काम गर्न सक्ने छैन ।

(७) कार्य समितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कुनै एक पदमा अनिवार्य रुपमा महिला हुनुपर्नेछ ।

(८) संस्था गठन गर्दा सकेसम्म टोलका सम्पुर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेट्नु पर्नेछ ।

(९) उपदफा ८ बमोजिम सवै घरधुरी समावेश हुन सम्भव नभएमा कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गर्नु पर्नेछ।

(१०) यस कार्यविधि बमोजिमगठन गरिने संस्थाको कार्यसमितिमा कम्तीमा ३३ प्रतिशत महिला सदस्य हुनु पर्नेछ ।

(११) संस्थाको कार्यक्षेत्र साधारण सभाले तोकेको चारकिल्ला भित्र हुनेछ। साधारण सभाले टोल तथा बस्ती भित्रका कुनै घरधुरी संस्थामा समावेश गरेको नपाइएमा वा कुनै घरधुरी वा बस्ती उक्त संस्थामा समावेश गर्नु पर्ने भन्ने लागेमा वडा कार्यालयले त्यसरी छुटेको घरधुरी वा बस्ती सम्बन्धित संस्थामा समावेश गर्न लगाउनेछ।

(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि वडा कार्यालयले तोकेको भौगोलिक क्षेत्र भित्र रहेका बढीमा १०० घरधुरी समेट्ने गरी टोल विकास संस्था गठन गर्न सकिने छ। एउटा घरधुरी एक भन्दा बढी टोल विकास संस्थाको सदस्य बन्न पाउने छैन।

४. **कार्य समितिका पदाधिकारीको पद रिक्त सम्बन्धी व्यवस्थाः**

(१) दफा ३ बमोजिम गठन भएको कार्य समितिका पदाधिकारीहरुको पद देहाय बमोजिमको अवस्थामा रिक्त हुनेछ।

(क) अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमितिको बैठकमा र उपाध्यक्ष सहित अन्य सदस्यले अध्यक्षलाई राजीनामा दिएमा।

(ख) भ्रष्टाचार वा अन्य कुनै फौजदारी अभियोगमा कसुरदार ठहरिएमा।

(ग) मृत्यु भएमा।

(२) उपदफा (१) बमोजिम अध्यक्षको पद रिक्त भएमा कार्य समितिको बाँकी अवधिको लागि उपाध्यक्षले अध्यक्ष भई कामकाज गर्नेछ। अन्य पदाधिकारीहरुको हकमा कार्य समितिले बाँकी अवधिको लागि समितिका सदस्यहरु मध्येबाट कुनै सदस्यलाई त्यस्तो रिक्त पदमा कामकाज गर्न लगाउन सक्नेछ।

**५. संस्था दर्ताः**

(१) संस्थाको आमभेलाले निर्णय गरी अनुसूची १ बमोजिमको ढाँचामा उल्लिखित कागजातहरु समावेश गरी संस्था दर्ताका लागि नगरपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(क) आम भेलाको निर्णयको प्रतिलिपि ।

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस ।

(ग) संस्थाको विधान २ प्रति ।

(घ) समितिमा रहने पदाधिकारीहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(ङ) संस्थाको निर्णय प्रतिलिपि ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि नगरपालिकाले संस्थाको चारकिल्ला भित्रका सबै घरधुरी समावेश गरे नगरेको समेत हेरी अनुसूची २ बमोजिमको ढाँचामा संस्था दर्ता गरेको प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदन बमोजिम दर्ताका लागि प्राप्त भएको टोल विकास संस्थामा समावेश हुनुपर्ने घरधुरी वा बस्ती छुटेको पाइएमा त्यसरी छुटेको घरधुरी वा बस्ती समेत समावेश गरी दर्ताका लागि पुनः पेस गर्न प्रमुख प्रशासकीय अधिकृतले निर्देशन दिन सक्नेछ।

## परिच्छेद ३
## संस्थाको काम, कर्तव्य र अधिकारहरु

**६. टोल विकास संस्थाका कार्यहरुः**

(१) टोल विकास संस्थाका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) समुदायमा शान्ति, सुरक्षार अमनचयन कायम गर्न सहयोग गर्ने ।

(ख) सामुदायिक सद्भाव, सहिष्णुता र भाइचाराको विकास गर्ने ।

(ग) टोलमा सञ्चालन हुने विकास निर्माणका योजनाहरुको तर्जुमा, कार्यान्वयन, सुपरीवेक्षण तथा अनुगमनमा सहयोग गर्ने ।

(घ) टोलमा हुने परम्परागत जात्रा, मेला, पर्व तथा समारोहको व्यवस्थापनमा सहयोग गर्ने।

(ङ) टोलमा रहेका सार्वजनिक तथा ऐलानी जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारहरुको संरक्षण गर्न तथा अतिक्रमण हुन नदिन सहयोग गर्ने।

(च) टोलमा विपद् व्यवस्थापन सम्बन्धी खोज, उद्धार, राहत वितरण, पुनर्निर्माण तथा पुनर्स्थापना कार्यमा सहयोग गर्ने ।

(छ) टोलको सरसफाई व्यवस्थापनको लागि सहयोग र समन्वय गर्ने/ गराउने ।

(ज) छाडा पशु चौपाया व्यवस्थापनमा सहयोग गर्ने/गराउने ।

(झ) सडक बत्ती, सामुदायिक पार्क, सार्वजनिक शौचालय जस्ता सार्वजनिक सम्पत्तिको सञ्चालन र व्यवस्थापनमा सहयोग पुर्‍याउने।

(ञ) कानून बमोजिम तिर्नु पर्ने कर, दस्तुर,सेवाशुल्क बुझाउने कार्यमा सहजीकरण गर्ने ।

(ट) टोलमा बसोबास गर्ने गरिब, अशक्त, अपाङ्गता भएका व्यक्ति तथा बेरोजगार व्यक्तिहरुको तथ्याङ्क सङ्कलन कार्यमा सहयोग गर्ने ।

(ठ) टोलमा रहेका शैक्षिकतथा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन र गुणस्तर सुधारको लागि सहयोग गर्ने ।

(ड) जन्म, विवाह, बसाईंसराई, सम्वन्धविच्छेद, मृत्यु जस्ता व्यक्तिगत घटना दर्ताको लागि टोलबासीलाई उत्साहित र सहजीकरण गर्ने ।

(ढ) सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा आवश्यक सहजीकरण गर्ने ।

(ण) विद्युत् चुहावट तथा चोरी नियन्त्रण कार्यमा सहयोग गर्ने ।

(त) टोलमा खाद्यान्न, माछामासु, तरकारी, फलफूल, पेय पदार्थ लगायत दैनिक उपभोग्य सामग्रीको गुणस्तर र मुल्य सुचीको बारेमा जानकारी राखी बजार अनुगमन कार्यमा सहयोग गर्ने।

(थ) उपभोक्ता हकहित संरक्षणको लागि बहस पैरवी तथा जनचेतना अभिवृद्धि गर्ने।

(द) टोलमा हरियाली क्षेत्र विस्तार गरी वातावरण संरक्षणको कार्यमा सहयोग गर्ने ।

(ध) स्थानीय आर्थिक विकासका संभावनाका बारेमा छलफल गरी स्थानीय तह, गैर सरकारी तथा निजी क्षेत्रसँग समन्वय, सहजीकरण र पैरवी गर्ने ।

(न) भवन निर्माण मापदण्ड तथा राष्ट्रिय भवन संहिताको पालनाको लागि टोल बासीहरुलाई प्रोत्साहित गर्ने ।

(ऩ) विद्यालय भर्ना, खोप अभियान, साक्षरता अभियान, सरसफाई, लैङ्गिक हिंसा उन्मुलन जस्ता राष्ट्रिय अभियानहरुमा सहयोग र समन्वय गर्ने।

(प) टोलमा धनी, गरिबको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र स्रोत परिचालनमा समान अधिकार स्थापित गर्न सहजीकरण गर्ने ।

(फ) घरेलु हिंसा, यौनजन्य हिंसा, मानव तस्करी, बालश्रम तथा बाध्यात्मक श्रम, छाउपडी लगायतका सामाजिक अपराध तथा खराबीहरु अन्त्य गर्न जनचेतना अभिवृद्धि गर्ने।

(ब) टोलमा उद्यम विकाससँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक सहजीकरण गर्ने ।

(भ) टोलको विकासका लागि विभिन्न क्षेत्रबाट प्राप्त स्रोतको उच्चतम् सदुपयोग गर्ने।

(म) टोलमा सरकारी निकाय तथा गैर सरकारी संस्था मार्फत् सञ्चालन हुने कार्यक्रमहरु कार्यान्वयन गर्न सहयोग गर्ने ।

(य) आफ्नो टोललाई वातावरणमैत्री, बालमैत्री, पोषणमैत्री तथा पूर्ण सरसफाईयुक्त बनाउन कार्यक्रमहरु सञ्चालन गर्ने तथा वडा कार्यालय र नगरपालिकाका कार्यक्रम कार्यान्वयनमा सहयोग, समन्वय र सहजीकरण गर्ने।

(र) वडा कार्यालय तथा नगरपालिका तथा अन्य सरकारी निकाय र गैरसरकारी सङ्घसंस्थासँग गरेको सम्झौता तथा समझदारी अनुसारका अन्य कार्यहरु गर्ने।

## परिच्छेद ४

## संस्थाको कार्य समितिको बैठक र पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

**७. संस्थाको कार्य समितिको बैठकः**

(१) संस्थाको कार्य समितिको बैठकको सञ्चालन देहाय बमोजिम हुनेछ :-

(क) कार्य समितिको बैठक महिनामा कम्तिमा एक पटक र आवश्यकता अनुसार बस्नेछ।

(ख) समितिको बैठकमा वडा समिति तथा नगरपालिकाका जनप्रतिनिधि, विज्ञ तथा अन्य सरोकारवालाहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) समितिको बैठकको निर्णयको मस्यौदा सचिवले तयार गर्नेछ ।

(घ) संस्थाको बैठकको निर्णयहरु बैठकमा उपस्थित पदाधिकारीहरुबाट हस्ताक्षर गरी प्रमाणित गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बस्ने कार्यसमितिको बैठकको माइन्युट र संस्थाका प्रशासनिक तथा आर्थिक कारोबारसँग सम्बन्धित सम्पूर्ण कागजातहरु अध्यक्ष, सचिव र कोषाध्यक्षको जिम्मामा रहनेछन्।

(३) कार्य समितिको बैठक संस्थाको कार्यालयमा बस्नेछ। संस्थाको कार्यालय स्थापना भई नसकेको अवस्थामा कार्यसमितिका सबै सदस्यलाई पायक पर्ने गरी उपयुक्त स्थानमा बैठक बस्ने गरी अध्यक्षले तोक्न सक्नेछ।

धनगढी नगरपालिका, सङ्ग्रह

**८. संस्थाका कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः**

(१) अध्यक्षको काम, कर्तव्य र अधिकारः

(क) संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।

(ख) बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने ।

(ग) बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

(घ) छलफल हुँदा सबैको विचार सङ्कलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

(ङ) संस्थाका निर्णयहरु लागू गर्ने, गराउने।

(च) संस्थाले प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने।

(छ) आवश्यकता अनुसार विशेष बैठक बोलाउने ।

(ज) कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

(२) उपाध्यक्षको काम, कर्तव्य र अधिकारः

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने भनी तोकिएका कार्यहरु गर्ने ।

(ख) कार्य समितिले तोकेका अन्य कार्यहरु गर्ने।

(३) सचिवको काम, कर्तव्य र अधिकारः

(क) अध्यक्षको आदेशानुसार बैठक बोलाउने ।

(ख) छलफलका प्रस्तावहरु सङ्कलन गरी बैठकमा पेस गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने ।

(ग) संस्थाको क्रियाकलापको बारेमा सदस्यहरुलाई जानकारी गराउने।

(घ) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(४) कोषाध्यक्ष काम, कर्तव्य र अधिकारः

(क) संस्थाको आम्दानी र खर्चको हिसाब राख्ने तथा विवरण तयार गर्ने।

(ख) बैङ्क खाता संयुक्त रुपमा सञ्चालन गर्ने।

(ग) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने।

(घ) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(५) सदस्यहरुको काम, कर्तव्य र अधिकारः

(क) समितिको बैठकमा उपस्थित हुने र छलफलमा सक्रीय रुपमा सहभागी हुने।

(ख) समितिको निर्णय कार्यान्वयनमा सहयोग गर्ने। समितिको निर्णय कार्यान्वयन भए नभएको हेरी आवश्यकतानुसार समितिको बैठकमा छलफलमा ल्याउने।

(ग) आवश्यकता अनुसार अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको काममा सघाउने ।

(घ) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद ५
## आर्थिक व्यवस्थापन

**९. संस्थाको आम्दानीः**

(१) संस्थाले देहाय बमोजिमका क्षेत्रबाट आम्दानी प्राप्त गर्न सक्नेछः

(क) नगरपालिकाबाट प्राप्त हुने अनुदान रकम ।

(ख) सरकारी तथा गैर सरकारी निकायहरु, सामुदायिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता तथा अनुदानको रकम ।

(ग) टोल विकास संस्थाले आयमूलक कार्यहरु सञ्चालन गरी प्राप्त हुने आम्दानी ।

(घ) नगरपालिका, अन्य सरकारी निकायतथा गैरसरकारी सङ्घसंस्थासँग विकास निर्माण वा कार्यक्रम सञ्चालनको लागि सम्झौता बमोजिम प्राप्त रकम।

(ङ) संस्थाका सदस्यहरुबाट प्राप्त शुल्क तथा सहयोगको रकम।

(च) अन्य स्रोतबाट प्राप्त गरेको रकम ।

(२) संस्थाको नाममा प्राप्त हुने सबै रकम संस्थाको नाममा रहेको बैङ्क खातामा जम्मा गर्नु पर्नेछ।

**१०. संस्थाको खर्चः**

(१) कुनै निकायबाट सम्झौता बमोजिम प्राप्त हुने रकम सम्झौतामा उल्लिखित शर्त बमोजिम तोकिएको कार्यमा खर्च गर्नु पर्नेछ।

(२) संस्थाको नियमित सञ्चालन तथा कार्यालय व्यवस्थापन सम्बन्धी खर्च कार्यसमितिको निर्णय बमोजिम हुनेछ।

**११. संस्थाको लेखा, प्रतिवेदन तथा अन्यः**

(१) संस्थाको खाता नगरपालिकाको सिफारिसमा (क) वर्गको वाणिज्य बैङ्कमासञ्चालन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको बैङ्क खाता कम्तीमा एक जना महिला हुने गरी संस्थाका अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(३) कोषाध्यक्षले संस्थाको सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण, संस्थाको सञ्चालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरुको विवरण स्पष्ट रुपमा राख्नुपर्नेछ ।

(४) कोषाध्यक्षले आम्दानी खर्चको हिसाब किताबचौमासिक रुपमा कार्य समितिको बैठकमा पेस गर्नु पर्नेछ।

(५) कार्यसमितिले प्रत्येक आर्थिक वर्षमा गरेको काम र आर्थिक कारोबारको यथार्थ विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र टोल भेलामा पेस गर्नु पर्नेछ।

(६) संस्थाले आफ्नो वार्षिक कारोबारको प्रतिवेदन साधारणसभा, सम्बन्धित वडा कार्यालय र नगरपालिकामा पेस गर्नुपर्नेछ ।

(७) नगरपालिका तथा वडा कार्यालयले आवश्यकता अनुसार संस्थाको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

**१२. जिन्सी तथा वस्तुगत सहयोग लिन सक्नेः**

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विपद् प्रभावित व्यक्तिको उद्दार, राहत तथा पुनर्स्थापना कार्यमा सहयोग गर्न कुनै सरकारी निकाय, गैर सरकारी सङ्घसंस्था, निजी क्षेत्र तथा व्यक्ति विशेषबाट जिन्सी सामान तथा वस्तुगत सहयोग लिन सक्नेछ।

(२) संस्थाले उपदफा (१) बमोजिम प्राप्त सहयोग वडा समितिको समन्वयमा त्यस्तो विपद्बाट प्रभावित व्यक्ति तथा परिवारलाई वितरण गर्न सक्नेछ।

(३) संस्थाले यस दफा बमोजिम प्राप्त सहयोगको विवरण वार्षिक प्रतिवेदनमा समेत समावेश गर्नु पर्नेछ।

## परिच्छेद ६
## विविध

**१३. समन्वय समितिः**

(१) संस्थाको कामको अनुगमन तथा समीक्षा गरी पृष्ठपोषण प्रदान गर्न हरेक वडामा देहायबमोजिमको समन्वय समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | वडाध्यक्ष | -संयोजक |
| (ख) | वडा समितिका सदस्यहरु | -सदस्य |
| (ग) | टोलविकास संस्थाका अध्यक्षहरु मध्येबाट संयोजकले तोकेका ३ जना | -सदस्य |
| (घ) | वडा सचिव | -सदस्य सचिव |

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमका सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक कम्तीमा चौमासिक रुपमा बस्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले वडा भित्रका सबै संस्थाको काम कारबाहीलाई प्रभावकारी बनाउन कार्य समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(५) उपदफा (१) बमोजिमको समितिले संस्थाको काम कारबाहीको सम्बन्धमा बार्षिक प्रतिवेदन कार्यपालिकामा पेस गर्नु पर्नेछ।

१४. **बाधा अड्काउ फुकाउन सक्नेः** यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१५. **कार्य समिति भङ्ग गर्न सक्नेः** सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, प्रचलित कानून बिपरित कार्य गर्ने तथा भ्रष्टाचार वा आर्थिक हिनामिना गरेको पाइएमा त्यस्तो कार्यसमितिलाई सम्बन्धित वडा समितिको सिफारिसमा कार्यपालिकाले भङ्ग गर्न सक्नेछ । यसरी कार्यसमिति भङ्ग भएको अवस्थामा एक महिना भित्र यसै कार्यविधि बमोजिम नयाँ कार्य समिति गठन गर्नु पर्नेछ।

१६. **कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेः**

(१) कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेछ।

(२) धर्मदेवी नगरपालिकाको टोल विकास तथा सञ्चालन कार्यविधि, २०७६ खारेज गरिएको छ। उक्त कार्यविधि बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

## अनुसूची १
### (दफा ५ को उपदफा (१) सँग सम्बन्धित)
### टोल विकास संस्थालाई नगरपालिकामा दर्ताका लागि दिइने निवेदनको नमुना

मितिः... ... ...

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
धर्मदेवी नगरकार्यपालिकाको कार्यालय
मुढेशनिश्चरे, सङ्खुवासभा ।

**विषयः** टोल विकास संस्था दर्तागर्ने सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा यस नगरपालिका को वडा नं. ... ... स्थित ... ... ... ... ... टोलमा गठन गरिएको ... ... ... ... ... ... ... ... ... ... टोल विकास संस्था दर्ताका लागि निम्नानुसारका विवरण सहित अनुरोध गर्दछु । यस ... ... ... ... ... ... ... ... ... ... ... टोल विकास संस्थाको क्षेत्र निम्न उल्लेखित चार किल्लाभित्र सीमित रहनेछ ।

<u>चार किल्ला</u>

पूर्वः ... ... ... ... ... ... ... ... ... ...
पश्चिमः ... ... ... ... ... ... ... ... ...
उत्तरः ... ... ... ... ... ... ... ... ...
दक्षिणः ... ... ... ... ... ... ... ... ...
हालका जम्मा घरधुरीः

समितिको तर्फबाट
निवेदकको नामः ... ... ... ... ... ... ... ... ...
पदः ... ... ... ... ... ... ... ... ... ... ...
सम्पर्क नं.: ... ... ... ... ... ... ... ... ... ...
टोल विकास संस्थाको नामः ... ... ... ... ...
ठेगानाः ... ... ... ... ... ... ... ... ... ...

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

अनुसूची २

धर्मदेवी नगरपालिका

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

<u>टोल विकास संस्था दर्ता प्रमाण-पत्र</u>

धर्मदेवी नगरपालिकावडा नं. ……स्थित ………………………………………मा गठन भएको …………………………………………………………टोल विकास संस्थालाई यस कार्यालयमा मिति ………………मा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

यस नगरपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौतिक पुर्वाधार विकास र सुशासन कायम गर्ने क्षेत्रमा यस टोल विकास संस्थाको सक्रीय सहभागिताको अपेक्षा गर्दछु ।

……………………………

प्रमुख प्रशासकीय अधिकृत

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

## विधानको नमूना

## … … … … … … … … … … … … … … टोल विकास संस्थाको विधान, २०८१

**प्रस्तावनाः** स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गरी आफ्नो टोल समुदायको विकासका लागि सामुहिक प्रयत्न अघि बढाउन जनसहभागिताका माध्यमबाट समतामूलक, समावेशी र वातावरणमैत्री दिगो विकास हासिल गर्न सामुदायिक भावना विकास तथा आपसीसद्भाव विकास गर्दै बचत सङ्कलन र परिचालनबाट नगर क्षेत्रकै गरिबी न्युनीकरणमा टेवा दिन र धर्मदेवी नगरपालिकाले अङ्गीकार गरेको स्वच्छ, सृजनशील, सुन्दर समुन्नत गाउँ, घर शहरको दुर दृष्टिकोणका माध्यमबाट मानवीयताको शहर निर्माण अभियानमा टोल समुदाय तहबाट योगदान गर्न तथा टोलका समुदायहरुलाई संस्थागत रुपमा विकास गर्ने वातावरणा सृजना गर्न … … … … … … … … … … … टोल विकास संस्थाको स्थापना गरी सञ्चालनगर्न वाञ्छनीय भएकोले यो विधान बनाइएको छ ।

### परिच्छेद १

१. **संक्षिप्त नाम र प्रारम्भः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमाः

(क) यो विधान … … … … … … … … … … … … … … … … टोल विकास संस्थाको हुनेछ ।

(ख) यो संस्थाको नाम … … … … … … … … … … … … … … … टोल विकास संस्था हुनेछ।

(ग) यो विधान … … … … … .. … … … … … … … टोल विकास संस्थाको साधारणसभाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषाः**

(क) "संस्था" भन्नाले … … … … … … … … … … … … … … … … … टोल विकास संस्थालाई सम्झनु पर्दछ ।

(ख) "विधान" भन्नाले टोल विकास संस्थाको विधानलाई सम्झनु पर्दछ ।

(ग) "साधारणसभा" भन्नाले संस्थाको साधारण सदस्यको भेला सम्झनु पर्दछ ।

(घ) "समिति" भन्नाले टोल विकास संस्थाको कार्यसमिति सम्झनु पर्दछ ।

(ङ) "बैठक" भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनु पर्दछ ।

(च) "कार्यमुलक उपभोक्ता समुह" भन्नाले साधारणसभाले विशेष जिम्मेवारी दिई गठन भएका समूह वा संस्था भित्र कार्य गर्नका निमित्त गठित समूहलाई सम्झनु पर्दछ ।

(छ) "पदाधिकारी" भन्नाले संस्था वा कार्यमुलक/उपभोक्ता समुहका अध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरुलाई जनाउँछ ।

(ज) "उपसमिति" भन्नाले कुनैपनि निश्चित कार्य तथा अवधि तोकि गठन गरिएको उपसमितिलाई सम्झनु पर्दछ ।

(झ) "बचत" भन्नाले साधारण सदस्यहरुबाट निश्चित अवधिमा सञ्चय गरेको रकमलाई सम्झनु पर्दछ ।

(ञ) "बचतकर्ता" भन्नाले संस्थामा बचत गर्ने सदस्यहरुलाई जनाउँदछ ।

(ट) "ऋण" भन्नाले एकमुष्ट वा किस्ताबन्दीका रुपमा फिर्ता बुझाउने गरी निश्चित अवधिको ब्याजदर र उद्देश्यका साथ प्रदान गरेको रकमलाई जनाउँदछ ।

(ठ) "तोकिए" वा "तोकिए बमोजिम" भन्नाले संस्थाले समय-समयमा निर्धारण गरेको कार्यविधि वा यस विधान अन्तरगत बनाइएका नियमावली वा विनियममा उल्लिखित कुराहरुलाई जनाउँदछ ।

३. **सङ्गठित संस्था हुनेः**

(क) संस्थाको आफ्नो छुट्टै छाप हुनेछ । सो छाप कार्यमूलक उपभोक्ता समुहहरुले आ-आफ्नो नाम राखी प्रयोग गर्न पाउनेछन् ।

(ख) संस्था तथा कार्यमूलक/उपभोक्ता समुहले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न वा कुनै प्रकारको बन्दोबस्त गर्न सक्नेछ ।

(ग) संस्था वा कार्यमूलक/ उपभोक्ता समुहले व्यक्ति सरह आ-आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर नालिस उजूर लाग्न सक्नेछ ।

४. **संस्थाका उद्देश्यहरुः** संस्थामा आवद्ध सबै खाले सदस्यहरुको संस्थागत, सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिमका उद्देश्य हुनेछन् ।

(क) टोल स्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्ने ।

(ख) टोलका व्यक्तिहरुको आयमा बृद्धि गर्ने कार्यक्रमको सञ्चालन गरी गरिबी न्यूनीकरणमा मद्दत पुर्याउने ।

(ग) स्थानीय स्तरको विकास प्रकृयालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरको समुदायका व्याक्तिहरुको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुर्यारउने ।

(घ) संस्थालाई नगरपालिकाको सहयोगी संस्थाको रुपमा लिई सहभागितात्मक नगरपालिका योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन प्रकृयामा सक्रीय सहभागिता बनाउने ।

(ङ) स्वशासित संस्थालाई प्रभावकारी बनाउने ।

५. **टोल विकास कार्य समिति गठनः**टोल विकास कार्य समितिको गठन देहाय बमोजिमको हुनेछः

(क) यस नगरपालिका क्षेत्रका बस्तीहरुको निश्चित भैगोलिक क्षेत्र भित्रका टोल तहमा रहेका घरपरिवारका सहस्यहरुबाट टोल विकास संस्था गठन गरिनेछ ।

(ख) पहिलो पटकका लागि टोल विकास संस्थाको व्यापक भेलाबाट टोल विकास समितिको कामलाई व्यवस्थित गर्न अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष आवश्यकता अनुसारका सदस्यहरु रहेको एक टोल विकास कार्य समिति गठन हुनेछ तर दोश्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पुर्नगठन हुनेछ । टोल विकास कार्य समितिको अवधि २ वर्षको हुनेछ । एकपटक अध्यक्ष, उपाध्यक्ष सचिव र कोषाध्यक्ष भएको व्यक्ति पुनः सोही पदमा लगत्तै २ वर्षको अवधि ब्यतित नभई नियुक्ती हुनेछैन । कार्य समितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कुनै एक जना अनिवार्य रुपमा महिला हुनुपर्नेछ ।

(ग) टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेट्नु पर्दछ । सो सम्भव नभए कम्तिमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गर्न सकिनेछ । टोल विकास संस्थामा सहभागी भएका सदस्यहरुमध्ये कम्तिमा ३३ प्रतिशत महिला आवद्ध गराउनुपर्नेछ ।

६. **संस्थाका कार्यहरुः**

(क) प्रत्येक टोल स्तरमा कम्तिमा ८०% घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गर्ने ।

(ख) सदस्यहरुबाट नियमित रुपमा बचत सङ्कलन तथा परिचालन गर्ने ।

(ग) संस्थाका सदस्यहरुलाई उद्यमशीलतातर्फ अगाडी बढाउने।

(घ) टोलबासीहरुको ज्ञान सीप वृद्धि गराउने कार्यमा सहयोग गर्ने ।

(ङ) टोलमा आइपरेका समस्याहरु समाधान गरी सभ्य समाजको निर्माणमा सहयोग गर्ने ।

(च) पिछडिएको वर्ग, क्षेत्र, लिङ्ग तथा समुदायको विकासका लागि सम्बन्धित क्षेत्र तथा निकायबाट सहयोगका लागि सम्बन्ध विस्तार तथा समन्वय गर्ने ।

(छ) बाल सहभागिता अभिवृद्धि गर्ने।

(ज) आफ्नो समस्यालाई प्रभावकारी रुपमा कार्यन्वयन गर्न तथा स्रोतको समुचित परिचालनका लागि आफ्ना सामाजिक तथा आर्थिक पूर्वाधार विकास सम्बन्धी टोल विकास योजना र उद्यम विकास योजना बनाउने ।

(झ) नगरपालिकाले अगाडी बढाउने सामाजिक एवं आर्थिक विकास र सामाजिक परिवर्तनका अभियानमा ऐक्यबद्धता जनाउँदै सिङ्गो नगरको विकासमा आफ्नो क्षेत्रबाट योगदान गर्ने ।

(ञ) महिनामा कम्तिमा एक पटक आफ्नो टोल समुदायमा सरसफाई अभियान सञ्चालन गरेर टोलको स्वच्छता अभिवृद्धि गर्ने ।

## परिच्छेद २

**७. सदस्यताः**

(क) यस विधानको उद्देश्य बमोजिम संस्थाप्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने स्थानीय सबै बालिग व्यक्ति, टोलवासी यस संस्थाको सदस्य हुनेछन् ।

(ख) सदस्य बन्न इच्छुक नयाँ टोल बासीलाई संस्थाले तोकेबमोजिम संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ।

**८. सदस्यता नरहनेः**

(क) सदस्यको मृत्यु भएमा ।

(ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा, तर संस्थाको निर्णयउपर चित्त नबुझेमा साधारणसभामा पेस गर्ने र साधारणसभाको निर्णय अन्तिम हुनेछ ।

(ग) तोकिए बमोजिम सदस्यता शुल्क नतिरेमा,

(घ) संस्थाको निर्णय पालना नगरेमा, संस्थालाई हानी-नोक्सानी हुने कुनै कार्य गरेमा वा नैतिकपतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यताबाट हटाउने निर्णय गरेमा, तर, सम्बन्धित सदस्यहरुलाई सफाई दिने अवसरहरुबाट वन्चित गरिनेछैन । यस सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार साधारणसभामा हुनेछ ।

(ङ) नेपालको प्रचलित कानुनले निषेध गरेको कार्य गरेमा ।

## परिच्छेद ३

**९. संस्था गठन एवं कार्य सञ्चालन विधिः**

(क) निश्चित भौगोलिक क्षेत्रका व्यक्तिहरुको सर्वसम्मत निर्णयबाट टोलको क्षेत्र निक्यौंल गरेपछि त्यस टोल भित्र बसोबास गर्ने सम्पूर्ण बालिग व्यक्तिहरुको उपस्थितिमा संस्था गठन गरिनेछ, तर कार्य समिति गठन तथा अन्य प्रयोजनमा मतदान गर्नुपर्ने अवस्था हुँदा स्थायी बसोबास भएकाप्रति परिवारबाट एकजनाले मात्र मतदान गर्न पाउनेछन् ।

(ख) दफा ९ (क) बमोजिम टोल विकास संस्था गठन गर्न उपस्थित भएकाहरुले गरेको सर्वसम्मत वा बहुमतीय निर्णयको आधारमा एक-एक जना अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव र अन्य सदस्य गरी बढीमा ९ सदस्यीय कार्य समिति गठन हुनेछ ।

(ग) बचत कार्य सञ्चालन भएको टोल विकास संस्थाको हकमा कार्य समितिमा रहन अनिवार्य रुपमा बचतकर्ता व्यक्ति हुनुपर्नेछ ।

(घ) कार्य समिति गठन गर्दा टोल क्षेत्रका १८ वर्ष मुनिका बालक र एक बालिकालाई बाल प्रतिनिधिका रुपमा छनौट गर्नुपर्नेछ । १८ वर्ष उमेर पूरा गरेपछि निजको स्थानमा अर्को प्रतिनिधि कार्य समितिले तोक्नेछ ।

(ङ) कार्य समितिको कार्यकाल २ वर्षको हुनेछ ।

**१०. संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः** संस्थाका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) अध्यक्षको काम, कर्तव्य र अधिकारः

(१) टोल विकास संस्थाको नियमित बैठक बोलाउने/बैठकका लागि मिति, समय र स्थानको निर्णय गर्न संस्थाका सबै सदस्यको सहमति लिने,

(२) बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने,

(३) बैठकमा अनुशासनको पालन गर्न लगाउने,

(४) छलफल हुँदा सबैको विचार सङ्कलन गर्ने र सर्वसम्वत निर्णय गर्न पहल गर्ने,

(५) बैठकमा आवश्यक प्रस्तावहरु पेस गर्न लगाउने,

(६) निर्णयहरु लागू गर्ने र गर्न लगाउने,

(७) विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने,

(८) संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षा प्रबन्ध मिलाउने,

(९) आवश्यक कार्यमा संस्थाको प्रतिनिधित्व गर्ने वा गराउने,

(१०) अन्य सहयोगी निकायहरुसँग समन्वयराखे, आवश्यक भएमा परिचालनको बन्दोबस्त गर्ने,

(११) विशेष बैठकको आवश्यकता परेमा सबै सदस्यहरुको सहमतिमा बैठक बोलाउने,

(१२) विविध प्रकारका समन्वय बैठकमा भाग लिने ।

(ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकारः

(१) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने कार्यहरु गर्ने,

(२) अध्यक्षलाई आवश्यक सहयोग गर्ने ।

(ग) सचिवको काम, कर्तव्य र अधिकारः

(१) अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।

(२) एकतिहाई सदस्यहरुले विशेष बैठकका लागि लिखित माग गरेमा बैठक बोलाउने,

(३) माइन्युट गराउने,

(४) छलफलका प्रस्तावहरु सङ्कलन गरी बैठकमापेस गर्ने र बैठकको निर्णय पढेर सुनाउने पुनः प्रत्येक सदस्यहरुलाई हस्ताक्षर गर्न लगाउने,
(५) बचत तथा ऋण लगानीको व्यवस्थापन गर्न सहयोग पुर्यागउने,
(६) संस्थाको कृयाकलापको बारेमा सदस्यहरुलाई जानकारी गराउने,
(७) संस्था सञ्चालन र अन्य सदस्यहरुलाई आवश्यक सहयोग गर्ने ।

(घ) <u>कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः</u>

(१) प्रत्येक बैठकमा सबै सदस्यहरुबाट बचत सङ्कलनतथा बचतको विवरण पेसगर्ने,
(२) प्रत्येक सदस्यहरुको बचत रकम व्यक्तिगत बचत खातामा चढाउने,
(३) व्यक्तिगत बचत खाता अनुसारको रकम प्रत्येक सदस्यको पासबूकमा चढाई प्रमाणका लागि दस्तखत गर्ने,
(४) सङ्कलित बचत रकम संस्थाको निर्णय अनुसार नजिकको बैङ्क खातामा जम्मा गर्ने/गराउने,
(५) बैठकको निर्णयअनुसार बचतको परिचालन गरि रेकर्ड राख्ने,
(६) निर्णयअनुसार गर्नुपर्ने लगानी गरी असुली समेत गर्ने र लगानी र असुलीको रेकर्ड राख्ने,
(७) सम्पूर्ण सदस्यहरुको गत बैठक सम्मको बचत रकम, बैठकमा रहेको रकमसँग भिडाउने जस्तैः कूल बचत रकम, बैङ्कमा रहेको रकम, लगानी/नगद मौज्दात,
(८) ऋण लगानी पश्चात प्राप्त व्याज, आम्दानी वा अन्य कार्य गर्दा प्राप्त हुने आम्दानीको विवरण राखी सबै सदस्यहरुको व्यक्तिगत खाता, पासबूक एवं बचत खातामा चढाउनुपर्ने,
(९) संस्थाले गरेको काम, कारोबारको लेखापरीक्षण गराउने,
(१०) बैङ्कमा खाता सञ्चालन गर्दा संयुक्त रुपमा सञ्चालन गर्ने,
(११) अन्य सदस्यहरुसँग समन्वय राखि सहयोग लिने/दिने,
(१२) संस्थाका नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

(ङ) <u>सदस्यहरुको काम, कर्तव्य र अधिकारः</u>

(१) आवश्यकताअनुसार अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्षहरुलाई सघाउने,
(२) बैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने,
(३) नियमित बचत बुझाउने र अरुलाई पनि बुझाउन प्रोत्साहित गर्ने,
(४) आफूले लिएको ऋण समयमा तिर्ने साथै ऋण असुली गर्न सहयेग गर्ने,

**११. साधारणसभाको गठन र कार्य प्रणालीः** साधारणसभाको गठन र कार्य प्रणाली देहाय बमोजिमको हुनेछ ।

(१) संस्थाको सम्पूर्ण सदस्यहरु र सल्लाहकार समेत रहेको एक साधारणसभा हुनेछ,

(२) साधारणसभा वर्षमा १ पटक बस्नेछ र आवश्यकता अनुसार विशेष साधारणसभा बस्न सक्नेछ, साधारणसभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ, निजको अनुपस्थितिमा क्रमशः संस्थाको उपाध्यक्ष, सचिव र निजको पनि अनुपस्थितिमा संस्थाको जेष्ठ सदस्यले गर्नेछ,

(३) साधारणसभा संस्थाको सर्वोच्च निकाय हुनेछ ।

**१२. साधारण सभाको काम, कर्तव्य र अधिकारः** साधारणसभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) संस्थाको साधारणसभाको सल्लाह प्राप्त गर्न उचित देखि पेस गरेको जुनसुकै विषयमा यथोचित निर्णय दिने,

(२) लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने,

(३) संस्थाको गत सालको हिसाव विवरण र त्यस सम्बन्धमा लेखापरीक्षकको प्रतिवेदन पारित गर्ने,

(४) कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने,

(५) उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने,

(६) संस्थाको विधान संशोधन गर्ने,

(७) आवश्यकताअनुसार सल्लाहकारको मनोनयन गर्ने,

(८) संस्थाको बार्षिक कार्ययोजना स्वीकृत गर्ने,

(९) कार्य समिति गठन गर्ने ।

**१३. आर्थिक व्यवस्थाः**

(क) संस्थाको देहाय बमोजिमका आर्थिक स्रोत हुनेछन्।

(१) सदस्यताबाट प्राप्त शुल्क,

(२) सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त निःशर्त सहायता/अनुदान,

(३) संस्थाको क्रियाकलापको सिलसिलामा प्राप्त वा सेवा प्रदान गरेर आर्जित आय वा पुरस्कार,

(४) टोल विकास संस्थाले विभिन्न सङ्घसंस्थासँग ऋण लिई आफ्ना सदस्यहरुलाई ऋण लगानी गरी कमाएको ब्याज, सेवा शुल्क र हर्जना बापतको रकम,

(५) दाताबाट प्राप्त नगद तथा जिन्सी,

(६) अन्य आम्दानी ।

(ख) प्रत्येक असार मसान्तमा लेखा विवरण तयार गरी परीक्षण पश्चात विवरण साधारणसभामा प्रस्तुत गर्ने जिम्मेवारी संस्थाको हुनेछ ।

१४. **संस्थाको नाममा प्राप्त वा खरिद गरिएको चल अचल सम्पत्तिको प्रयोगः** संस्थाको नाममा प्राप्त वा खरिद गरिएको चल अचल सम्पत्तिको प्रयोग देहाय बमोजिम हुनेछ।

(क) टोल विकास संस्थाका सम्पूर्ण सदस्यहरुबाट नियमित रुपमा बचत सङ्कलन गरी एक टोल विकास संस्थाको बचत खडा गरिनेछ ।

(ख) उक्त संस्थाको बचत प्रयोगको लागि बैठकको सर्वसम्वत निर्णय आवश्यक पर्नेछ ।

(ग) संस्थाको बचत सामान्यतः आर्थिक विकासका क्रियाकलापमा खर्च गर्नुपर्नेछ ।

(घ) यो बचत रकम संस्थाको कार्यक्षेत्रभित्र संस्थाका सदस्यहरुवीच तोकिएको शर्त र व्यवस्था अनुरुप लगानी र असुली हुनेछ ।

(ङ) यो बचत रकम निरन्तर चल्ने र वृद्धि हुँदै जानेछ ।

(च) यो बचत रकममा सदस्यहरुको दावी रहनेछ ।

(छ) संस्थाको नयाँ सदस्य बनी संस्थामा प्रवेश हुन चाहने सदस्यको हकमा संस्थाको निर्णय बमोजिम हुनेछ ।

(ज) यो बचत रकमको परिचालन तोकिए बमोजिम हुनेछ ।

(झ) संस्था दर्ता खारेजी वा विघटन भएमा संस्थाको सामूहिक सम्पति नगरपालिकाको हुनेछ। तर व्यक्तिगत बचत रकम तथा यसको आयको हिसाब बचतकर्ताले प्रचलित कानून बमोजिम फिर्ता पाउनेछन् ।

१५. **कार्य समिति तथा पदाधिकारीको राजिनामाः**

(१) अध्यक्षले आफ्नो राजीनामा उपाध्यक्ष मार्फत् समितिको बैठकमा पेस गर्नुपर्नेछ र सो उपर समितिले निर्णय गरे बमोजिम हुनेछ।

(२) समितिका सदस्यहरुले अध्यक्ष समक्ष राजिनामा दिन सक्नेछन् ।

१६. **अविश्वासको प्रस्तावः**

(१) संस्थाको अध्यक्ष एवं पदाधिकारी उपर अविश्वास लागे यथोचित कारण देखाई संस्थाका दुई तिहाई सदस्यहरुले विशेष साधारण सभा राखी अविश्वासको प्रस्ताव पेस गर्न सक्नेछ।

(२) अविश्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा सर्वसम्मतलाई जोड दिइनेछ, सर्वसम्मत हुन नसकेमा बहुमतको आधारमा निर्णय गरिनेछ ।

१७. **विधान संशोधनः**यस टोल विकास संस्थाको विधान संशोधन गर्नुपर्ने भएमा कार्यसमितिले स्वीकृत गरी साधारणसभामा पेस गर्नुपर्नेछ, सो उपर साधारण सभाको कम्तिमा दुईतिहाई सदस्यले पारित गरे पश्चात संशोधन भएको मानिनेछ।

१८. **विविधः**

(क) यस विधान बमोजिम टोल विकास संस्थाले आफ्ना सदस्यहरुमध्येबाट आर्थिक विकासका लागि उद्यमी समूह र उद्यम तथा आवश्यक परेका बखत खास कार्यको लागि कार्यमूलक र उपभोक्ता समूह गठन गर्न सक्नेछ ।उक्त उद्यम/उद्यमी समूहको काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

(ख) यो विधानको व्याख्या गर्ने अधिकार संस्थाको साधारणसभामा निहित रहनेछ ।

(ग) प्रचलित कानून सँग बाझिएमा बाझिएको हदसम्म खारेज हुनेछ ।

**प्रमाणीकरण मितिः** २०८१/०६/१३

आज्ञाले
प्रयाश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

धर्मदेवी नगरपालिका, सङ्खुवासभा